# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज १९ गते, २०८३ साल (संख्या ३९

## भाग ३

### सर्वोच्च अदालतको

### सूचना १

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ३७**

**उच्च अदालत (चौथो संशोधन) नियमावली, २०८३**

उच्च अदालत नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०७३ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "उच्च अदालत (चौथो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>उच्च अदालत नियमावली, २०७३ को नियम ११९ मा संशोधन</u>** : उच्च अदालत नियमावली, २०७३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११९ को सट्टा देहायको नियम ११९ राखिएको छः-

"११९. **<u>नक्कल लिन वा फोटो खिच्नको लागि निवेदनपत्र दिने</u>** : (१) अदालतमा भएको मिसिल संलग्न वा अदालतको सूचना प्रणालीमा प्रविष्ट (अपलोड) भएका आदेश, फैसला तथा अन्य कुनै लिखत कागजातको नक्कल लिन वा मिसिल संलग्न कुनै लिखतको फोटो खिच्न चाहने सरोकारवाला व्यक्तिले सो लिखतको विवरण र मिति उल्लेख गरी लाग्ने दस्तुर सहित अनुसूची-९ बमोजिमको ढाँचामा निवेदनपत्र दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा अदालतमा रहेको मिसिल संलग्न भएका आदेश, फैसला तथा अन्य कुनै लिखत कागजातको नक्कल लिन वा मिसिल संलग्न कुनै लिखतको फोटो खिच्न चाहने सरोकारवाला व्यक्तिले सम्बन्धित मिसिल रहेको अदालतमा र अदालतको सूचना प्रणालीमा प्रविष्ट (अपलोड) भएका आदेश, फैसला तथा अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

कुनै लिखत कागजातको नक्कल लिन जुनसुकै अदालतमा निवेदनपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा छुट्टा छुट्टै मिसिलमा रहेको वा अदालतको सूचना प्रणालीमा प्रविष्ट (अपलोड) भएका छुट्टा छुट्टै मुद्दासँग सम्बन्धित लिखतको नक्कलको लागि छुट्टा छुट्टै निवेदनपत्र दिनु पर्नेछ ।"

३. **<u>मूल नियमावलीको नियम १२२ मा संशोधन</u>** : मूल नियमावलीको नियम १२२ को सट्टा देहायको नियम १२२ राखिएको छ :-

"**१२२. <u>नक्कल प्रमाणित गरिदिने</u>** : (१) नियम ११९ बमोजिम नक्कल लिनका लागि निवेदनपत्र प्राप्त भएमा सम्बन्धित शाखाले नक्कलको लागि लाग्ने दस्तुरको हिसाब गरी निवेदकलाई बताउनु पर्छ र निवेदकले सो दस्तुर दाखिल गरेपछि साधारणतः सोहीदिन सकभर छिटो गरी प्रिन्ट वा फोटोकपी गरी वा नक्कल सारी वा सार्न लगाई निवेदनपत्रको निर्धारित ठाउँमा निवेदकको सही गराई नक्कल प्रमाणित गरी दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिम नक्कल दिँदा अदालतको सूचना प्रणालीमा प्रविष्ट (अपलोड) भएका आदेश, फैसला तथा कुनै लिखत कागजातको नक्कल सारीलिएको भए सो बेहोरा सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीले अदालतको सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।"

४. **मूल नियमावलीमा नियम १२२क. थप** : मूल नियमावलीको नियम १२२ पछि देहायको नियम १२२क. थपिएको छ :-

"**१२२क. विद्युतीय माध्यमबाट नक्कल माग गर्न सक्ने** : (१) विद्युतीय स्वरूपमा भएको मिसिल संलग्न लिखतको विद्युतीय माध्यम (अनलाइन) बाट नक्कल माग गर्न चाहने पक्षले नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानीको प्रतिलिपिसहित लाग्ने दस्तुर बुझाएको निस्सा साथै राखी विद्युतीय माध्यमबाट निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा सो निवेदन जाँचबुझ गर्दा सरोकारवाला देखिएमा निजले माग गरेको माध्यमबाट नै नक्कल उपलब्ध गराउन सकिनेछ।

(३) उपनियम (२) बमोजिम नक्कल दिँदा अदालतबाट उपलब्ध गराएको देखिने विशेष सङ्केत वा चिन्ह प्रयोग गरिनेछ।"

५. **मूल नियमावलीमा नियम १३८क. थप** : मूल नियमावलीको नियम १३८ पछि देहायको नियम १३८क. थपिएको छ :-

"**१३८क. रकम बुझाउने** : (१) प्रचलित कानूनबमोजिम अदालतमा बुझाउनुपर्ने अदालती शुल्क, जरिबाना, धरौटी वा अन्य कुनै दस्तुर तथा राजस्व अनलाइन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा अन्य विद्युतीय बैङ्किङ माध्यमद्वारा दाखिला गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विद्युतीय माध्यमबाट बुझाउन नसकिने भएमा अदालतको आर्थिक प्रशासन शाखामा नगद बुझाउन सकिनेछ।

(३) उपनियम (१) बमोजिम रकम बुझाएको विद्युतीय प्रति आर्थिक प्रशासन शाखामा र सोको निस्सा सम्बन्धित मिसिलमा सामेल गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम आर्थिक प्रशासन शाखामा नगद बुझाएको अवस्थामा आर्थिक प्रशासन शाखाले त्यस्तो रकम बुझी लिई राजस्व वा धरौटीमा आम्दानी बाँधी तीन प्रति रसिद काट्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको तीन प्रति रसिदमध्ये एक प्रति रकम वा धरौटी दाखिला गर्ने व्यक्तिलाई दिई दोस्रो प्रति सम्बन्धित शाखामा सम्बन्धित मिसिलमा सामेल राख्न पठाई तेस्रो प्रति आर्थिक प्रशासन शाखामा राख्नु पर्नेछ।

(६) उपनियम (२) बमोजिम बुझाउने रकम अदालतले तोकेको बैङ्कमार्फत बुझ्ने गरी व्यवस्था गर्न सकिनेछ ।”



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

## संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ३८

## जिल्ला अदालत (चौथो संशोधन) नियमावली, २०८३

जिल्ला अदालत नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०७३ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "जिल्ला अदालत (चौथो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **जिल्ला अदालत नियमावली, २०७५ को नियम ७३ मा संशोधन** : जिल्ला अदालत नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७३ को सट्टा देहायको नियम ७३ राखिएको छ :-

"७३. **नक्कल लिन वा फोटो खिच्नको लागि निवेदनपत्र दिने** : (१) अदालतमा रहेको मिसिल संलग्न वा अदालतको सूचना प्रणालीमा प्रविष्ट (अपलोड) भएका आदेश, फैसला तथा अन्य कुनै लिखत कागजातको नक्कल लिन वा मिसिल संलग्न कुनै लिखतको फोटो खिच्न चाहने सरोकारवाला व्यक्तिले सो लिखतको विवरण र मिति उल्लेख गरी लाग्ने दस्तुर सहित अनुसूची-६ बमोजिमको ढाँचामा निवेदनपत्र दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा अदालतमा रहेको मिसिल संलग्न भएका आदेश, फैसला तथा अन्य कुनै लिखत कागजातको नक्कल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिन वा मिसिल संलग्न कुनै लिखतको फोटो खिच्न चाहने सरोकारवाला व्यक्तिले सम्बन्धित मिसिल रहेको अदालतमा र अदालतको सूचना प्रणालीमा प्रविष्ट (अपलोड) भएका आदेश, फैसला तथा अन्य कुनै लिखत कागजातको नक्कल लिन जुनसुकै अदालतमा निवेदनपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा छुट्टाछुट्टै मिसिल संलग्न रहेको वा अदालतको सूचना प्रणालीमा प्रविष्ट (अपलोड) भएका छुट्टा छुट्टै मुद्दासँग सम्बन्धित लिखतको नक्कल लिनु परेमा छुट्टा छुट्टै निवेदनपत्र दिनु पर्नेछ।"

**३.** **<u>मूल नियमावलीको नियम ७६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७६ को सट्टा देहायको नियम ७६ राखिएको छ :-

" **७६. <u>नक्कल प्रमाणित गरी दिने</u>** : (१) नियम ७३ बमोजिम नक्कल लिनका लागि निवेदनपत्र प्राप्त भएमा सम्बन्धित शाखाले नक्कलको लागि लाग्ने दस्तुरको हिसाब गरी निवेदकलाई बताउनु पर्छ र निवेदकले सो दस्तुर दाखिल गरेपछि साधारणतः सोही दिन सकभर छिटो गरी प्रिन्ट वा फोटोकपी गरी वा नक्कल सारी वा सार्न लगाई निवेदनपत्रको निर्धारित ठाउँमा निवेदकको सही गराई नक्कल प्रमाणित गरी दिनुपर्छ ।

(२) उपनियम (१) बमोजिम नक्कल दिँदा अदालतको सूचना प्रणालीमा प्रविष्ट (अपलोड) भएका आदेश, फैसला तथा कुनै लिखत कागजातको नक्कल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सारीलिएको भए सो बेहोरा सम्बन्धित कर्मचारीले अदालतको सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।"

४. **<u>मूल नियमावलीमा नियम ७६क. थप</u>** : मूल नियमावलीको नियम ७६ पछि देहायको नियम ७६क. थपिएको छ :-

"**७६क. <u>विद्युतीय माध्यमबाट नक्कल माग गर्न सक्ने</u>** : (१) विद्युतीय स्वरूपमा भएको मिसिल संलग्न लिखतको विद्युतीय माध्यम (अनलाइन) बाट नक्कल माग गर्न चाहने पक्षले नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानीको प्रतिलिपिसहित लाग्ने दस्तुर बुझाएको निस्सा साथै राखी विद्युतीय माध्यमबाट निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा सो निवेदन जाँचबुझ गर्दा निवेदक सरोकारवाला देखिएमा निजले माग गरेको माध्यमबाट नै नक्कल उपलब्ध गराउन सकिनेछ।

(३) उपनियम (२) बमोजिम नक्कल दिँदा अदालतबाट उपलब्ध गराएको देखिने विशेष सङ्केत वा चिन्ह प्रयोग गरिनेछ।"

५. **<u>मूल नियमावलीमा नियम ११९क.</u>** <u>थप</u> : मूल नियमावलीको नियम ११९ पछि देहायको नियम ११९क. थपिएको छ :-

"**११९क. <u>रकम बुझाउने</u>** : (१) प्रचलित कानूनबमोजिम अदालतमा बुझाउनुपर्ने अदालती शुल्क, जरिबाना, धरौटी वा अन्य कुनै दस्तुर तथा राजस्व अनलाइन वा अन्य विद्युतीय बैङ्किङ माध्यमद्वारा दाखिला गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम विद्युतीय माध्यमबाट बुझाउन नसकिने भएमा अदालतको आर्थिक प्रशासन शाखामा नगद बुझाउन सकिनेछ।

(३) उपनियम (१) बमोजिम रकम बुझाएको विद्युतीय प्रति आर्थिक प्रशासन शाखामा र सोको निस्सा सम्बन्धित मिसिलमा सामेल गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम आर्थिक प्रशासन शाखामा नगद बुझाएको अवस्थामा आर्थिक प्रशासन शाखाले त्यस्तो रकम बुझी लिई राजस्व वा धरौटीमा आम्दानी बाँधी तीन प्रति रसिद काट्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको तीन प्रति रसिदमध्ये एक प्रति रकम वा धरौटी दाखिला गर्ने व्यक्तिलाई दिई दोस्रो प्रति सम्बन्धित शाखामा सम्बन्धित मिसिलमा सामेल राख्न पठाई तेस्रो प्रति आर्थिक प्रशासन शाखामा राख्नु पर्नेछ।

(६) उपनियम (२) बमोजिम बुझाउने रकम अदालतले तोकेको बैङ्कमार्फत बुझ्ने गरी व्यवस्था गर्न सकिनेछ।"

**आज्ञाले,**

**बाबुराम दाहाल**

**रजिस्ट्रार**

**(सर्वोच्च अदालत)**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।